# **दुर्घटना बीमा निर्देशिका, २०७८ (प्रथम संसोधन)**

**स्वीकृत मिति: २०८१/ ०५/०२**

**प्रस्तावना:** दुर्घटना बीमा निर्देशिका, २०७८ लाई समयसापेक्ष संसोधन गर्न बाञ्छनीय भएकोले बीमा ऐन, २०७९ को दफा १७० ले दिएको अधिकार प्रयोग गरी नेपाल बीमा प्राधिकरणले देहायका निर्देशन जारी गरेको छ ।

१. **संक्षिप्त नाम तथा प्रारम्भ:** (१) यो निर्देशिकाको नाम "दुर्घटना बीमा निर्देशन, २०७८ (प्रथम संसोधन)" रहेको छ।

(२) यो निर्देशन तुरुन्त प्रारम्भ हुनेछ।

२. **दुर्घटना बीमा निर्देशिका, २०७८ को दफा १६ मा संसोधन:** दुर्घटना बीमा निर्देशिका, २०७८ को दफा १६ मा उपदफा (३) थप गरि देहाय बमोजिम राखिएको छ :

**१६ (३), सामूहिक दुर्घटना बीमादर :** (३) सामूहिक दुर्घटना बीमा अन्तर्गत जारी गरिने बीमालेखमा बीमा अभिकर्ताको प्रयोग नगरी प्रत्यक्ष बीमालेख विक्री गरिएको अवस्थामा हुलदङ्गा तथा आतङ्कवाद जोखिमको बीमाशुल्क बाहेक अन्य बीमाशुल्कमा बढीमा अभिकर्ता कमिशन बराबरको रकम वा पाँच प्रतिशत रकम छुट प्रदान गर्न यस दफाले बाधा पुर्याएको मानिने छैन।

३. **दुर्घटना बीमा निर्देशिका, २०७८ को अनुसूची २ को दफा ९ मा संसोधन:** दुर्घटना बीमा निर्देशिका, २०७८ को दफा ९ को उपदफा (१) र (२) मा देहाय बमोजिम राखिएको छ:

**अनुसूची-२ को दफा ९, औषधी उपचार:** (१) दुर्घटनाको कारणबाट बीमितको औषधी उपचार गर्दा खर्च भएमा बीमकले बीमाङ्क रकम वा रु. १,००,०००/- (एक लाख रुपैंया) वा बिल भर्पाई जुन कम हुन्छ सो अनुसार सोधभर्ना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिम औषधी उपचार वापत दिइएको सोधभर्ना रकम बीमाङ्क रकममा थप हुनेछ र निर्देशिकाको अनुसूची-२ को दफा ५,६,७ र ८ बमोजिम उपचार गराउँदा गराउँदैको अवस्थामा बीमितको मृत्यु भएमा समेत सो बराबरको रकम सक्कल बिल भरपाई बमोजिम बीमकले सोधभर्ना दिनुपर्नेछ।

४. **दुर्घटना बीमा निर्देशिका, २०७८ को अनुसूची २ को दफा २० मा संसोधन:** दुर्घटना बीमा निर्देशिका, २०७८ को दफा २० को देहाय बमोजिमको उपदफा (१) हटाइएको छ:

**अनुसूची-२ को दफा २०, दावी:** (१)बीमकले बीमाङ्क रकम भन्दा बढी हुने गरी दावी भुक्तानी गर्ने छैन।

५. **दुर्घटना बीमा निर्देशिका, २०७८ को अनुसूची २ को दफा २६ मा संसोधन:** दुर्घटना बीमा निर्देशिका, २०७८ को दफा २६ को देहाय बमोजिमको उपदफा (१) (घ) हटाइएको छ:

**अनुसूची-२ को दफा २६, विवाद समाधान:** (घ) बीमित वा बीमालेख धारक बाहेक अन्य पक्षलाई दावी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा।